## बैठक संख्या: ११(एघारौं)

मिति २०८१/०९/२५ को नगर कार्यपालिकाको बैठकका निर्णयहरु:-

निर्णय नं.- १(एक)

सिद्धार्थनगर नगरपालिकाको नगरसभाको १७ औं अधिवेशन देहायको मिति, समय र स्थानमा आयोजना गर्ने निर्णय गरियो ।

देहाय:-

मिति: २०८१।१०।२८ गते सोमबार

समय: दिनको २:०० बजे

स्थान: महेन्द्र सभागृह, सि.न.पा वडा नं. १३

निर्णय नं. २ (दुई)

सिद्धार्थनगर नगरपालिका क्षेत्रभित्र छाडा चौपायाहरुका कारणले सवारी दुर्घटना बढ्नुका साथै पैदल यात्रुहरुलाइ हिडडुल गर्नका लागि असहज अवस्था सृजना भएको हुँदा छाडा छाडिएका चौपाया व्यवस्थापनका लागी देहाय बोमोजिमको समिति गठन गरी सोही समिति मार्फत छाडा चौपाया व्यवस्थापन गर्ने निर्णय गरियो ।

गठित समिति:

१. संयोजक - श्री मुक्तिनाथ यादव, वडा अध्यक्ष वडा नं. ४
२. सदस्य - श्री विरेन्द्रनाथ श्रीवास्तव, वडा अध्यक्ष वडा नं. ६
३. सदस्य - श्री सुर्जमन यादव, वडा अध्यक्ष वडा नं. १०
४. सदस्य - श्री कुमार गुरुङ्ग, वडा अध्यक्ष वडा नं. १२
५. सदस्य - श्री केदारनाथ बरई, कार्यपालिका सदस्य
६. सदस्य सचिव - श्री देव प्रसाद ज्ञवाली, अधिकृत सातौं, प्रशासन महाशाखा

निर्णय नं.- ३(तिन)

सिद्धार्थनगर नगरपालिकाको तिन पाङ्ग्रे सवारी साधन सन्चालन तथा व्यवस्थापन नियमन सम्बन्धि कार्यविधि (प्रथम संशोधन) २०७८ बमोजिम दर्ता भएका तिन पाङ्ग्रे सवारी साधनहरुको सूचना प्रकाशन गरी दर्ता गर्ने कार्य सम्पन्न भएको हुँदा दर्ता भएका तिनपाङ्ग्रे सवारी साधनहरुको नियमन गर्ने सम्वन्धमा कार्यक्रम गरी शुरुवात गरिएकोमा छिमेकी पालिकाहरुवाट सोको विरोध भएको हुँदा सो सम्बन्धमा मिति २०८१।०९।१४ को देवदह नगरपालिकामा सम्पन्न २१ औं घुम्ति बैठकको निर्णयानुसार रुपन्देही जिल्लामा सन्चालित इ-रिक्साका अन्तर स्थानिय तहविच व्यवस्थापनमा देखिएका समस्या सम्बन्धित स्थानीय तहहरुले आपसी सहमती समझदारीमा समाधान गर्ने साथै भाडादर कायम नभएको भए सो भाडादर समेत

कायम गर्ने भनी निर्णय भइ आएको हुँदा मिति २०८१।०९।२५ मा यस कार्यालयमा पत्र प्राप्त हुन आएकोले सो निर्णय कार्यपालिका बैठकलाइ जानकारी भयो ।

सिद्धार्थनगर नगरपालिकाको तिन पाङ्ग्रे सवारी साधन सन्चालन तथा व्यवस्थापन नियमन सम्बन्धि कार्यविधि, (प्रथम संशोधन) २०७८ बमोजिम तिनपाङ्ग्रे सवारी साधन सन्चालन सम्वन्धमा देहाय बमोजिमको बुँदाहरुलाइ समेटी दोस्रो पटक कार्यविधि संशोधन गरी तिनपाङ्ग्रे सवारी साधनहरुको सन्चालन तथा व्यवस्थापन कार्य गर्ने निर्णय गरियो । कार्यविधिलाइ संशोधन गर्दा देहाय बुँदाहरुलाइ समावेश गरी अर्को कार्यपालिकामा पेश निर्णय गरियो ।

<u>कार्यविधिमा संशोधन हुनपर्ने बिषय:</u>

१. तिनपाङ्ग्रे सवारी साधन सन्चालन गर्ने सम्बन्धमा अरु पालिकाबाट सवारी साधन तथा सामग्री ढुवानी गरी यस नगरपालिकामा प्रवेश गर्न पाउनेछ । तर त्यस्तो इ-रिक्शाले सिद्धार्थनगर नगरपालिका भित्र घुम्ने तथा व्यापार गर्न पाउनेछैन ।

२. ई-रिक्सा सन्चालन गर्दा सम्वन्धित पालिकामा रिक्सा दर्ता गरेको प्रमाणपत्र, चालकले लाइसेन्स प्राप्त गरेको तथा ई-रिक्साको इन्स्योरेन्स गरेको अनिवार्य रुपमा लिएको हुनुपर्नेछ । उल्लेखित कागजातका अतिरिक्त अन्य माग भएका आवश्यक कागजातहरु अनिवार्य रुपमा भएको हुनुपर्नेछ ।

<u>४- विविध निर्णय:</u>

क. देहाय बमोजिमको निर्णयलाइ कार्यान्वयन गर्ने निर्णय गरियो ।

१. सिद्धार्थनगर नगरपालिकामा करारमा प्राविधिक (इन्जिनियरिङ्ग तर्फ, स्वास्थ्य तर्फ तथा कम्प्युटर अपरेटर लगायतका प्राविधिक पदहरुमा) कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धि विधेयक निर्माण गरी आगामी कार्यपालिका बैठकमा पेश गर्न विधेयक समितिलाइ निर्देशन दिने निर्णय गरियो ।

२. सिद्धार्थनगर नगरपालिकाको तिन पाङ्ग्रे सवारी साधन सन्चालन तथा व्यवस्थापन नियमन सम्बन्धि कार्यविधि प्रथम संशोधन २०७८ बमोजिम दर्ता भएका तिन पाङ्ग्रे सवारी साधनहरुको नियमन तथा अनुगमनका लागि मिति २०८१ माघ ७ गतेबाट कार्यान्वयनका लागि शुरु गर्ने निर्णय गरियो ।

३. निर्णय नं. ४(२) बमोजिमको तिनपाङ्ग्रे सवारी साधनको नियमन तथा अनुगमन गरी तिन पाङ्ग्रे रिक्सा व्यवस्थापन गर्नका लागि देहाय बमोजिमको समिति गठन गरी सोही समिति मार्फत कार्य गर्ने र आवश्यक मात्रामा नगरप्रहरी परिचालन गर्ने निर्णय गरियो।

<u>गठित समितिः-</u>

संयोजक -श्री नारायण प्रसाद उपाध्याय, वडा अध्यक्ष वडा नं ३

सदस्य -श्री छेदीलाल श्रीवास्तव, वडा अध्यक्ष वडा नं २

सदस्य -श्री पुरन प्रसाद श्रेष्ठ, वडा अध्यक्ष वडा नं ५

सदस्य -श्री दामोदर शर्मा घिमिरे, वडा अध्यक्ष वडा नं ७

सदस्य - श्री सविता हरिजन, कार्यपालिका सदस्य

सदस्य - श्री द्रुपदा पनेरु, कार्यपालिका सदस्य

सदस्य - श्री शिव नारायण कोइरी, कार्यपालिका सदस्य

सदस्य सचिव - श्री कमलकान्त खनाल, अधिकृत, राजश्व शाखा प्रमुख

४. सिद्धार्थनगर नगरपालिका नगर कार्यपालिकाको मिति २०८१/०५/१८ को बैठकबाट वडा नं. ३ को वडा अध्यक्ष श्री नारायण प्रसाद उपाध्यायको संयोजकत्वमा राजश्व असुली छानविन समिति गठन भएकोमा सो समितिले तयार गरेको प्रतिवेदन आजको कार्यपालिका बैठक समक्ष पेश भयो । सो पेश भएको प्रतिवेदन कार्यान्वयन गर्न निर्देशन दिने निर्णय गरियो ।

५. सिद्धार्थनगर नगरपालिका वडा नं. १२ को वडा कार्यालय भवन निर्माणका लागि नगरपालिकाको आफ्नो नाममा जग्गा नभएको हुँदा नेपाल सरकारको नाममा भएको जग्गामा भवन बनाउन प्रस्ताव गरिएको हुँदा सो जग्गामा वडा कार्यालय भवन बनाउने सन्दर्भमा उक्त जग्गा प्राप्तीका लागि कानुन बमोजिमको प्रकृया अगाडी बढाउने र १३ नं. वडा कार्यालयको भवन निर्माण गर्ने सन्दर्भमा यस अघि निर्माण भएको समिति मार्फत कार्य प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

६. सिद्धार्थनगर नगरपालिका क्षेत्र भित्रका सार्वजनिक जग्गाहरुलाइ संरक्षण गर्ने निर्णय गरियो ।

७. सिद्धार्थनगर नगरपालिका वडा नं. २ स्थित नगरपालिकाको स्वामित्वमा रहेको पन्चवाटिकाको जग्गालाइ हेरचाह तथा संरक्षणका लागि २०७२ सालमा वडा नं. २ मा एक समितिलाइ जिम्मा दिइएकोमा अब देखि सो जग्गाको संरक्षण रेखदेख लगायतको कार्य गर्ने सम्बन्धमा आवश्यक छलफल गर्ने निर्णय गरियो ।

८. सिद्धार्थनगर नगरपालिका वडा नं.- २, ४, ७ र १० का आवश्यक स्थानमा स्मार्टलाईट जडान गर्ने निर्णय गरियो ।

९. श्री सिद्धार्थ गौतम बहुउद्देश्यीय सहकारी संस्था लि. सिद्धार्थनगर-९ रुपन्देही, लुम्बिनी प्रदेश नेपालको च.नं. १२४ मिति २०८१/०९/२१ को पत्रानुसार वातावरणीय प्रदुषण अवस्थालाइ मध्यनजर राखी फास्ट चार्जिङ्ग स्टेशन सन्चालन गर्न सिद्धार्थ बसपार्क भित्र जग्गा उपलब्ध गराइदिनु हुन भनि माग भइ आएकोमा सो सहकारीलाइ EV गाडीहरुलाइ मध्यनजर राखी फास्ट चार्जिङ्ग स्टेशन जडान गर्ने तथा सन्चालन र व्यवस्थापनका सन्दर्भमा दुबै पक्ष बिच आपसी समझदारीमा स्वीकृत दिने निर्णय गरियो।

१०. सिद्धार्थनगर नगरपालिका भित्रको ठूला ढक्कन सहितका नालाहरुलाइ ढक्कन निकाली सरसफाइ गर्ने सन्दर्भमा आगामी कार्यपालिका बैठकमा छलफल गरी कार्ययोजना तयार पारी नाला सरसफाइ गर्ने गराउने निर्णय गरियो ।

११. सिद्धार्थनगर नगरपालिका वडा नं.- १० स्थित श्री सूर्यदिव मा.बि. दोगहरीको स्वामित्वमा रहेको जग्गामा विद्यालयको भवन निर्माण गर्नका लागि नगरपालिकाको बजेट तर्जुमा समिति मार्फत रु.१ करोड बजेटको व्यवस्थापन गरी आगामी कार्यपालिका बैठकमा पेश गर्न बजेट तर्जुमा समितिका संयोजकलाइ निर्देशन दिने निर्णय गरियो ।

१२. सिद्धार्थनगर नगरपालिका वडा नं.-१२ स्थित स्वर्गद्धारी घाटमा रहेको सवदाह मेसिन तत्काल मर्मतका लागि पहल गर्ने र सो स्थानमा सरसफाइको व्यवस्था मिलाउने निर्णय गरियो ।

१३. सिद्धार्थनगर नगरपालिका वडा नं.- १ देखि १३ वडाका सार्वजनिक उपयुक्त जग्गाहरुमा Open GYM House (ओपेन जिम हाउस) निर्माण गरी सन्चालन ल्याउनका लागि प्राविधिकलाइ डिजाइन सहितको प्रस्ताव पेश गर्न निर्देशन दिने निर्णय गरियो ।

१४. ३०३ औं पृथ्वी जयन्तिका अवसरमा सिद्धार्थनगर नगरपालिकाको वडा नं. ३ स्थित आँखा अस्पताल सिद्धार्थराजमार्गमा मनाउने हुँदा सो कार्यक्रमका लागि रु.३०,०००.०० (अक्षेरुपी तिस हजार) उपलब्ध गराउने निर्णय गरियो ।

१५. रुपन्देही नागरिक समाज, रुपन्देहीले मिति २०८१ कार्तिक १५ गते ग्लोबल वार्मिङ्ग तथा मानसिक स्वास्थ्य सम्वन्धि सांगितिक जनचेतना कार्यक्रम गरेवापत रु. ५०,०००.०० (अक्षेरुपी पचास हजार) सहयोग गर्ने निर्णय गरियो ।